جمعية خدمة المحتوى
الإسلامي باللغات

# के तपाईंले आफैँलाई प्रश्न गर्नुभएको छ? तपाईंलाई कसले र किन सृष्टि गर्यो? र मृत्युपछि के?

هَلْ سَأَلْتَ نَفْسَكَ؟ مَنْ خَلَقَكَ؟ وَلِمَاذَا؟ وَمَاذَا بَعْدَ المَوْتِ؟

नेपाली

نيبالي

वैज्ञानिक समिति
विभिन्न भाषाहरूमा इस्लामिक सामग्री सेवा संघ

**ⓒ جمعية خدمة المحتوى الإسلامي باللغات ، ١٤٤٧هـ**

جمعية خدمة المحتوى الإسلامي باللغات
هل سألت نفسك؟ من خلقك؟ ولماذا؟ وماذا بعد الموت؟ -
نيبالي. / جمعية خدمة المحتوى الإسلامي باللغات - ط١. .- الرياض
، ١٤٤٧هـ

٢١ ص ؛ ..سم

**رقم الإيداع: ١٤٤٧/١٥٦٤٧**
**ردمك: ٩٧٨-٦٠٣-٥١٧-١٣١-١**

## Partners in Implementation

Content Association | Rowad Translation | Byenah | IslamHouse

**This publication may be printed and disseminated by any means provided that the source is mentioned and no change is made to the text.**

Tel : +966 50 244 7000
info@islamiccontent.org
Riyadh 13245-2836
www.islamiccontent.org

# هَلْ سَأَلْتَ نَفْسَكَ؟ مَنْ خَلَقَكَ؟ وَلِمَاذَا؟ وَمَاذَا بَعْدَ المَوْتِ؟

# के तपाईंले आफैँलाई प्रश्न गर्नुभएको छ? तपाईंलाई कसले र किन सृष्टि गर्यो? र मृत्युपछि के?


اللَّجْنَةُ العِلْمِيَّةُ

بِجَمْعِيَّةِ خِدْمَةِ المُحْتَوَى الإِسْلَامِيِّ بِاللُّغَاتِ

**वैज्ञानिक समिति**

विभिन्न भाषाहरूमा इस्लामिक सामग्री सेवा संघ

بِسْمِ اللهِ الرَّحْمَنِ الرَّحِيمِ

हे मानव, तपाईंलाई कसले सृष्टि गर्यो? यदि तपाईंले आफ्नो शरीरलाई माइक्रोस्कोपद्वारा हेर्नुभयो भने, तपाईंले त्यहाँ सटीकता र चमत्कारको संसार देख्नुहुनेछ। तपाईंको शरीरको प्रत्येक टिशुले आफ्नो भित्र जटिल सङ्केतहरू भएको वंशाणुगत जानकारी बोकेको हुन्छ। के तपाईंले आफैंलाई सोध्नुभएको छ कि यी सङ्केतहरू कसले लेख्यो? र कसले तिनीहरूलाई सही ठाउँमा राख्यो?

प्रत्येक अग्लो भवन र प्रत्येक सामान्य घरले आफ्नो निर्माताको कथा बताउँछ; के यो विशाल ब्रह्माण्ड, यसको सुन्दरता, शुद्धता र व्यवस्थित विवरणहरू निर्माता बिना अस्तित्वमा रहन सक्छ भन्ने कल्पना गर्न सकिन्छ?

हे मानव, जसरी तिम्रो मनले डिजाइनर वा निर्माता बिना अचानक राम्रोसँग निर्मित स्मार्टफोन देखा पर्यो भनेर भनिएको स्वीकार गर्न सक्दैन वा उपकरणहरूको जटिल नेटवर्क प्रोग्रामर वा पर्यवेक्षक बिना सामंजस्यपूर्ण र सही रूपमा काम गर्छ भनेर भनिएको स्वीकार गर्न सक्दैन, त्यसरी नै यो महान ब्रह्माण्ड,

यसको सबै व्यवस्था, रचना, सटीक नियमहरू र उत्तम प्रणाली सृष्टिकर्ता बिना नै अस्तित्वमा आयो भनेर भनिएको स्वीकार गर्न सक्दैन!

यस ब्रह्माण्डको हरेक अंश, सबैभन्दा सानो कणदेखि लिएर सबैभन्दा ठूलो सृष्टिले आफ्नो सृष्टिकर्ताको महानताको संकेत गर्दछ; यस्तो सटीक प्रणाली त्यत्तिकै उत्पन्न हुनु तार्किक रूपमा असम्भव छ, बुद्धिले यो कुरा अस्वीकार गर्दछ कि यो ब्रह्माण्ड शून्यताबाट उत्पन्न भयो वा यो अद्भुत र जटिल प्रणाली कुनै अन्धो संयोगको परिणाम हो।

जसरी सही विवेक र असल प्रवृत्तिले व्यक्तिलाई ब्रह्माण्डको सृष्टिकर्ताको अस्तित्वमा विश्वास गर्न प्रेरित गर्छ, त्यसरी नै यसले हामीलाई यस सृष्टिकर्ताका गुणहरू र हामीमाथिको उहाँको अधिकारको बारेमा पनि चिन्तन गर्न प्रेरित गर्छ। यस सृष्टिकर्ताका गुणहरूमा चिन्तन गर्नाले उहाँलाई पूर्णताद्वारा चित्रण गर्नु र सबै अपूर्णताबाट मुक्त हुनुको आवश्यकताको गहिरो बोध गराउँछ।

यसको अर्थ सृष्टिकर्ता सुन्दरता र महानताका सबै गुणहरूले भरिपूर्ण हुनुहुन्छ। उहाँ सर्वज्ञ र उहाँले सृष्टि गर्नुभएको अनि व्यवस्था गर्नुभएको सबै कुरामा बुद्धिमान हुनुहुन्छ। यो पूर्णता

केवल एक सम्भावना मात्र होइन, तर एक तार्किक आवश्यकता हो, किनकि उहाँका गुणहरूमा कुनै पनि कमीकमजोरीले सृष्टि र व्यवस्थापनमा त्रुटि निम्त्याउँछ, जुन ब्रह्माण्डमा हामीले देखेको पूर्णताको विपरीत हो।

त्यसैगरी, कमीकमजोरीबाट पवित्र हुनुको अर्थ सृष्टिकर्ता आफ्नो सृष्टिबाट स्वतन्त्र र निरपेक्ष हुनु आवश्यक छ, त्यसैले उहाँलाई कसैको आवश्यकता छैन, बरु सबैजना आफ्नो अस्तित्व र जीविकोपार्जनको लागि उहाँमा निर्भर छन्। उहाँ साझेदार वा सन्तानबाट मुक्त हुनुहुन्छ, किनकि यी अपूर्णता र असमर्थताको अभिव्यक्ति हुन् र सर्वशक्तिमान अल्लाह ती सबैबाट मुक्त अनि पवित्र हुनुहुन्छ।

जब ईश्वर महान सृष्टिकर्ता हुनुहुन्छ, पूर्णता र महानताका सम्पूर्ण गुणहरूले परिपूर्ण हुनुहुन्छ, उहाँले नै हामीलाई सृष्टि गर्नुभयो र ब्रह्माण्डलाई शून्यबाट सृष्टि गर्नुभयो। उहाँ नै यस पृथ्वीमा भएका सबै कुराहरूको मालिक हुनुहुन्छ। उहाँले हामीलाई पालनपोषण गर्नुहुन्छ र आफ्नो दयाले घेर्नुहुन्छ। उहाँले सबै कुराको व्यवस्थापन र नियन्त्रण गर्नुहुन्छ। त्यसो भए के हामीले उहाँलाई धन्यवाद दिनु पर्दैन? उहाँको खुशी कसरी प्राप्त

गर्ने, हामीमाथि रहेको उहाँको अधिकार कसरी पूरा गर्ने र जुन उद्देश्यका लागि हामीलाई सृष्टि गरिएको हो, त्यो प्राप्त गर्नका लागि काम गर्नु हाम्रो कर्तव्य होइन र?

के यो सम्भव छ, अल्लाहले हामीलाई सृष्टि गरेर उद्देश्यविहीन छोड्नुहुन्छ र हामीबाट उहाँले के चाहनुहुन्छ बताउनुहुने छैन? हामी यहाँ किन छौं? हाम्रो जीवनको उद्देश्य र लक्ष्य के हो? मृत्युपछि के हुन्छ?

एकछिन विचार गर्नुहोस्, यदि कुनै व्यक्तिले नवीनतम प्रविधिले सुसज्जित विलासी दरबार बनाए र यसको निर्माण पूरा गरेपछि, अचानक बिना कारण पूर्ण रूपमा भत्काउन थाल्यो भने। के हामी यो व्यक्तिलाई बुद्धिमान भन्न सक्छौं? के यो स्पष्ट छैन कि यस्तो कार्य एक विवेकशील व्यक्तिको लागि अनुचित मानिनेछ?

यदि यो कार्य मानिसको हकमा अस्वीकार्य छ भने, हामी कसरी कल्पना गर्न सक्छौं कि सर्वज्ञानी, सर्वज्ञ अल्लाहले यो भव्य ब्रह्माण्डलाई रचनात्मकता र पूर्णताका साथ सृष्टि गर्नुभयो र त्यसपछि उद्देश्य वा बुद्धि बिना नै यसलाई नष्ट गर्नुहुन्छ?

अल्लाहले मानवजातिलाई एउटा महान उद्देश्यका लागि सृष्टि गर्नुभएको छ; त्यो केवल उहाँको उपासना गर्नु र उहाँसँग कसैलाई साझेदार नठहराउनु हो। उहाँले हामीलाई यो संसारमा परीक्षाको लागि सृष्टि गर्नुभयो र उहाँले हाम्रो लागि एक निश्चित समय तोक्नुभएको छ, जसमा कियामतको दिन पुनर्जीवित गरिनेछ, ताकि हाम्रो कर्मको लेखाजोखा गर्न सकियोस्।

जसले अल्लाहमा विश्वास गर्छ र उहाँको आह्वानलाई स्वीकार गर्छ, उसले स्वर्गमा अनन्त आनन्द पाउनेछ र जसले सत्यबाट विमुख हुन्छ, त्यो नरकवासीहरूमध्ये हुनेछ।

हामीले अनिवार्य रुपमा उहाँको उपासना गर्नुपर्छ, किनभने यो नै हाम्रो अस्तित्वको असल उद्देश्य हो। यो हाम्रो कृतज्ञता र अल्लाहको प्रभुत्व र देवत्वप्रतिको स्वीकृतिको प्रमाण हो।

त्यसैले मनन गर्नुहोस्, अल्लाहले तपाईंलाई सृष्टि गर्नुभयो, श्रवणशक्ति र दृष्टिले सम्मान गर्नुभयो। तपाईंलाई अनगिन्ती आशीर्वादहरू प्रदान गर्नु भयो। उहाँले तपाईंको नसामा रगत प्रवाह गर्नुहुन्छ। तपाईंलाई पानी र हावा प्रदान गर्नुहुन्छ। तपाईंलाई हरेक क्षण उहाँको आवश्यकता छ। यदि उहाँको दया र हेरचाह नभएको भए, तपाईं बर्बाद हुनेछ र तपाईंको शक्ति

हराउनेछ। वास्तवमा, उहाँले तपाईंको पालनपोषण त्यतिबेला गर्नु भएको छ जब तपाईं आफ्नो आमाको गर्भमा एक असहाय भ्रूण हुनुहुन्थ्यो र आफ्नो मामिलामा तपाईंको कुनै नियन्त्रण थिएन।

के यो महान सृष्टिकर्तालेे तपाईंले चाहेअनुसार होइन, उहाँले चाहेअनुसार उपासना गर्न योग्य छैन?! विचार गर्नुहोस्, यदि तपाईं आफ्नी आमालाई उपहार दिन चाहनुहुन्छ भने, के तपाईं आफ्नो इच्छाअनुसार रोज्नुहुन्छ वा उहाँलाई के मन पर्छ भनेर पत्ता लगाउने प्रयास गर्नुहुन्छ, ताकि उहाँलाई जे मन पर्छ त्यसले उहाँलाई खुसी बनाउन सकियोस्?

त्यसैगरी, अल्लाहको उपासना हाम्रो इच्छा वा हाम्रो वंशानुगत रीतिरिवाज अनुसार हुनुहुँदैन, बरु उहाँले चाहनुभएको र उहाँले हामीलाई आज्ञा गर्नुभएको तरिका अनुसार हुनुपर्छ। उपासना विशुद्ध रूपमा केवल अल्लाहको लागि हुनुपर्छ, उहाँको कोही साझेदार छैन। त्यसैले कुनै पनि मानिसलाई आफ्नो सृष्टिकर्ता बाहेक अरू कसैको लागि उपासना गर्ने अनुमति छैन।

नरकमा सधैंको लागि बास गराउने सबैभन्दा ठूलो पाप अल्लाहसँग शिर्क गर्नु हो। मानिसले अल्लाह बाहेक उहाँका सृष्टिहरूको उपासना गर्नु, जस्तै मूर्ति, सूर्य वा चन्द्रमा वा कुनै

मानिस, जनावर वा असल व्यक्तिको उपासना गर्नु। यी सबै शिर्क (बहुदेववाद) र कुफ्र (अधर्म) का प्रकारहरू हुन्। जो कोही त्यस्तो अवस्थामा मर्छ उसलाई नर्कको आगोमा अनन्त दण्ड दिइनेछ।

अल्लाहले हामीलाई यस संसारमा हाम्रो अस्तित्वको उद्देश्य र जीवनको लक्ष्यबारे बताउनका लागि धेरै नबी-रसूलहरू (सन्देशवाहकहरू) पठाउनुभयो। ती सम्पूर्ण दूतहरूको सन्देश एउटै थियो: एक मात्र सृष्टिकर्ता; अल्लाहको उपासना गर्न आह्वान, जसको कोही साझेदार छैन र यो नै इस्लामको सन्देश हो।

तर केही मानिसहरूले अघिल्ला दूतहरूले ल्याएका सन्देशहरूलाई विकृत र परिवर्तन गरे। त्यसैले अल्लाहले अन्तिम सन्देशवाहक मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई पठाउनुभयो र उहाँमाथि मानवजातिको लागि अन्तिम सन्देश पवित्र कुर्आन अवतरित गर्नुभयो।

कुर्आन अल्लाहको वाणी हो भन्ने कुरा प्रमाणित गर्ने धेरै बौद्धिक तर्कहरू र वैज्ञानिक प्रमाणहरू छन्। यो एक मात्र यस्तो ग्रन्थ हो जसमा कुनै किसिमको विकृति वा परिवर्तन भएको छैन। अल्लाहले हामीलाई कुर्आनमा भन्नुभएको छ, उहाँले मानिसबाट इस्लाम धर्म बाहेक अरू कुनै धर्म स्वीकार गर्नुहुने छैन र सम्पूर्ण

दूतहरूको सन्देश एउटै थियो: तौहीद; एकमात्र सृष्टिकर्ताको उपासना गर्ने आह्वान, जसको कोही साझेदार छैन। अल्लाहले हामीलाई कुर्आनमा यो पनि बताउनुभएको छ, ईमानवालाहरूका लागि जन्नत र अनन्त सुख-शान्ति हुनेछ र जसले अल्लाह बाहेक अरू कसैको उपासना गर्यो वा इस्लाम धर्म स्वीकार गर्न अस्वीकार गर्यो, उसका लागि जहन्नम र पीडादायी सजाय हुनेछ।

इस्लामलाई अन्य धर्महरूबाट अलग गर्ने कुरा के हो भने कुर्आन सृष्टिकर्ताको आफ्नो वाणी र वचन हो, जुन परिवर्तन र फेरबदलबाट सुरक्षित छ भन्ने कुराको तार्किक प्रमाण र वैज्ञानिक तथ्यहरू केवल मुस्लिमहरू प्रदान गर्न सक्षम छन्, त्यो पनि ज्ञानको भरपर्दो स्रोतहरूमा भर पर्दै।

पवित्र कुर्आन त्यो पुस्तक हो जुन अल्लाहले आफ्ना पैगम्बर मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि अवतरित गर्नुभयो। उहाँले चौध शताब्दीभन्दा पहिले यसको माध्यमबाट सिङ्गो मानवलाई कुर्आन जस्तै अर्को कुर्आन वा यस्तै एक अध्याय ल्याउन चुनौती दिनुभयो तर तिनीहरू त्यसो गर्न असमर्थ भए। त्यो चुनौती आज पनि अनुत्तरित र कायमै छ।

युगौंयुगदेखि कसैले पनि उत्कृष्टता, स्पष्टता, चमत्कारी प्रकृति र कानूनमा यसको तुलनात्मक केही प्रस्तुत गर्न सकेको छैन। कुर्आनको चमत्कारी प्रकृति केवल यसको भाषामा मात्र होइन, जुन वाक्पटुता र स्पष्टताको शिखरमा पुगेको छ, तर यसले तर्क र वैज्ञानिक प्रमाणहरू समावेश गर्दछ जसले यो ईश्वरको वचन हो भनेर पुष्टि गर्दछ। यदि पवित्र कुर्आनमा स्पष्ट प्रमाणहरू छन् जसले यो ईश्वरको वचन हो भनेर प्रमाणित गर्दछ भने, तर्क र तार्किक कार्य भनेको यसमा विश्वास गर्नु र यसमा भनिएका कुराहरू पालना गर्नु हो, न कि त्यस्ता अन्य पुस्तकहरूमा निर्भर रहनु, जसको रचनामा मानवीय हस्तक्षेप भएको छ।

ठोस विवेकले हामीलाई यो विश्वास गर्न प्रेरित गर्छ, ब्रह्माण्डलाई सृष्टि गर्नुहुने र यसको प्रणालीलाई परिपूर्ण बनाउनुहुने सृष्टिकर्ताका शब्दहरू सत्यको सबैभन्दा वास्तविक स्रोत हुन्। जब हामी कुर्आनमा भाषा, वैज्ञानिक तथ्यहरू र कानूनमा यो चमत्कारिकता पाउँछौं, साथै युगौंदेखि यसलाई विकृतिबाट सुरक्षित राखिएको पाउँछौं, तब यो स्वीकार्नु बाहेक अरू कुनै विकल्प रहँदैन कि यो अल्लाहको वचन हो।

त्यसकारण, कुर्आनमा भनिएको कुरामा विश्वास गर्नु केवल विश्वासको कुरा मात्र होइन, तर सत्य खोज्ने तर्कसँग मेल खाने निर्णय पनि हो। पवित्र कुर्आनमा अल्लाहले स्पष्ट पार्नुभएको छ, उहाँले हामीलाई व्यर्थ सृष्टि गर्नुभएको छैन, बरु उहाँले हामीलाई आफ्नो उपासनाको लागि सृष्टि गर्नुभएको छ।

अल्लाहले हामीलाई कुर्आनमा बताउनुभएको छ, यो सांसारिक जीवन एक अस्थायी चरण मात्र हो जुन चाँडै समाप्त हुनेछ र वास्तविक अनन्त जीवन मृत्युपछिको जीवन हो, जहाँ ईमानवालाहरू जन्नतमा र काफिरहरू नर्कमा प्रवेश गर्नेछन्।

हामीलाई शून्यबाट अस्तित्वमा ल्याउनुहुने सृष्टिकर्ताले मृत्युपछि पनि हामीलाई पुनः जीवित पार्न सक्षम हुनुहुन्छ। हाम्रो वरिपरिको ब्रह्माण्डमा अल्लाहका धेरै चिन्हहरू छन्, जसमध्ये हामी मृतलाई पुनर्जीवित गर्ने अल्लाहको असीम शक्तिको ठोस प्रमाण देख्छौं। जसरी अल्लाहले हरियो रूखहरूबाट आगो निकाल्नुहुन्छ, सुख्खा जमिनबाट बालीनाली र फलफूल निकाल्नुहुन्छ र आमाको गर्भमा शुक्रकीटबाट भ्रूण सृष्टि गर्नुहुन्छ, त्यसरी नै उहाँ, पुनरुत्थानको दिनमा प्रतिफलको लागि मृतकहरूलाई पुनरुत्थान गर्न र चिहानबाट उठाउन सक्षम

हुनुहुन्छ। किनभने अल्लाह सबै कुरा गर्न सक्षम हुनुहुन्छ। अत्याचारी र उत्पीडितहरूको जीवन कुनै हिसाब किताब वा प्रतिफल बिना समाप्त हुनु अन्यायपूर्ण र दमनकारी हो।

मानिसले प्रश्न गर्न सक्छ, अरू धर्महरू हुँदाहुँदै इस्लाम नै किन? मानिसलाई अन्य प्राणीहरूबाट सबैभन्दा फरक पार्ने कुरा भनेको दिमाग हो र यसको काम भनेको सोच्नु र तथ्यहरू खोज्नु हो।

इस्लाम एउटा यस्तो धर्म हो जुन बौद्धिक तर्क र प्राकृतिक प्रवृत्तिसँग मेल खान्छ। यसले प्रमुख प्रश्नहरूको तार्किक उत्तर प्रदान गर्दछ: हामी यहाँ किन छौं? हाम्रो जीवनको उद्देश्य के हो? मृत्यु पछि हाम्रो भाग्य के हो आदि?

इस्लाम एक मात्र सृष्टिकर्ताको उपासना र 'अल्लाह बाहेक कोही सत्य ईश्वर छैन' भन्ने गवाहीमा आधारित छ। यो पहिलो गवाही हो, जुन इस्लाममा ईमानको मूल आधार हो र यसको अर्थ हो: एक अल्लाह बाहेक कोही सत्य ईश्वर छैन। यस कालिमा शहादतमा निम्न कुराहरू समावेश छन्:

**तौहीदः** अर्थात्, उपासना योग्य ईश्वर एक मात्र हुनुहुन्छ, उहाँको कोही साझेदार छैन, उहाँको कुनै सन्तान छैन र उहाँको कुनै समकक्ष छैन भनेर आस्था राख्नु।

**शिर्कबाट विरक्तताः** अर्थात् मानवद्वारा निर्मित समस्त मूर्तिहरू र (मिथ्या) पूज्यहरूको इन्कार गर्नु हो।

इस्लामले सबै सन्देशवाहकहरूमा विश्वास गर्न अनिवार्य गरेको छ। मुस्लिमहरूले त्यसरी नै विश्वास गर्छन्, जसरी अल्लाहले हामीलाई कुर्आनमा जानकारी दिनुभएको छ, जस्तैः येशू अल्लाहका सेवक र उहाँका सन्देशवाहक हुनुहुन्छ, उहाँ अल्लाहको पुत्र हुनुहुन्न, किनकि अल्लाह महान हुनुहुन्छ र उहाँको पत्नी वा छोरा हुनु अकल्पनीय छ। अल्लाहले हामीलाई कुर्आनमा बताउनुभएको छ, येशू एक नबी हुनुहुन्थ्यो जसलाई अल्लाहले धेरै चमत्कारहरू दिनुभयो, अल्लाहले उहाँलाई आफ्ना मानिसहरूलाई कुनै साझेदार बिना एक्लै अल्लाहको उपासना गर्न आह्वान गर्न पठाउनुभयो। उहाँले हामीलाई भन्नुभयो, येशूले मानिसहरूलाई आफ्नो उपासना गर्न भन्नुभएन, बरु उहाँ स्वयम् आफ्नो सृष्टिकर्ताको उपासना गर्नुहुन्थ्यो।

त्यसैले यदि तपाईं अल्लाहले प्रेम गर्ने तरिकाले येशूमा साँचो विश्वासी बन्न चाहनुहुन्छ भने, तपाईंले इस्लाममा प्रवेश गर्नुपर्छ।

अल्लाहले हामीलाई कुर्आनमा बताउनुभएको छ, येशूले आफ्नो समुदायलाई एकमात्र अल्लाहको उपासना गर्न आदेश दिनुभयो र उहाँसँग कसैलाई साझेदार नठहराउन चेतावनी दिनुभयो।

के एक विवेकशील व्यक्तिले आफू जस्तो प्राणीको उपासना गर्नु तार्किक कुरा हो र? जो भोक र तिर्खाले मर्छ र आफूलाई मृत्यु वा हानिबाट जोगाउन सक्दैन?! हे मानव, तिमीले मरियमका छोरा येशूको उपासना कसरी गर्न सक्छौ जबकि उनी खानपिन गर्थे र सलाहद्वारा आफ्नो सृष्टिकर्तातिर फर्कने मानव थिए?!

के अल्लाहले आफैंलाई प्रार्थना गर्नुहुन्छ भन्नु तार्किक कुरा हो र?! के अल्लाह परिपूर्ण, अद्वितीय र हरेक कमीकमजोरीबाट मुक्त हुनुहुन्न? यो ब्रह्माण्डमा सबै कुरा उहाँको शक्ति र अधिकारको अधीनमा छैन? स्वर्ग र पृथ्वीको सृष्टिकर्ताले बच्चाको रूपमा जन्म लिने र त्यसपछि क्रूसमा टाँगिनको लागि आफूलाई समर्पण गर्नुहुनेछ भन्ने कुरा कसरी कल्पना गर्न सकिन्छ? क्रूसमा टाँगिएका र मारिएकाहरू मानव हुन्, जबकि सृष्टिकर्ता जीवित

हुनुहुन्छ जो कहिले मर्नुहुन्न, पालनकर्ता हुनुहुन्छ जसलाई निद्रा वा ओंघले समात्दैन। उहाँ आफ्नो महानता र महिमाको पूर्णताले गर्दा यस्तो कुराभन्दा माथि हुनुहुन्छ होइन र?

अल्लाहले हामीलाई पवित्र कुर्आनमा बताउनुभएको छ, सम्पूर्ण दूतहरू एउटै सन्देश लिएर आए। सबैले आफ्ना समुदायलाई केवल एक अल्लाहको उपासना गर्न र उहाँसँग कसैलाई साझेदार नठहराउन आह्वान गरे। तर समय बित्दै जाँदा केही मानिसहरूले यो अनन्त सन्देशलाई विकृत गरिदिए र नबीहरूले ल्याउनुभएको तौहीद (एकेश्वरवाद) को ज्योतिलाई निभाइदिए। त्यसैले अल्लाहले अन्तिम दूत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई पठाउनुभयो र उहाँमाथि पवित्र कुर्आन अवतरण गर्नुभयो, ताकि उहाँभन्दा अघिका सबै दूतहरूले ल्याएको तौहीदको सन्देशलाई पुन: स्थापित गर्न सकियोस्।

## निष्कर्ष, हामी तिमीलाई भन्छौं, हे मानवः

इस्लाम विवेकशील र प्राकृतिक धर्म हो। यो एक मात्र धर्म हो जुन महान सृष्टिकर्ताले मानवजातिको लागि निर्धारित गर्नुभएको छ; त्यसैले प्रत्येक बुद्धिमान व्यक्तिले अल्लाहलाई पालनकर्ताको रूपमा, इस्लामलाई धर्मको रूपमा र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई रसूलको रूपमा विश्वास गर्दै इस्लाममा प्रवेश गर्न हतार गर्नुपर्छ।

यो व्यक्तिगत इच्छाको विषय होइन, किनभने अल्लाहले कयामतको दिन प्रत्येक व्यक्तिसगँ सन्देशवाहक प्रति के आस्था राख्यौ र कतिको अनुसरण गर्यौ भनेर सोध्नुहुनेछ। जसले उनीहरूप्रति आस्था राख्यो, उसलाई महान सफलता र सुख प्राप्त हुनेछ, तर जसले अस्वीकार गर्यो, उसलाई ठूलो हानि हुनेछ।

यदि तपाईं यस संसारमा सुख, शान्ति र समृद्धि तथा परलोकमा सफलताको खोजीमा हुनुहुन्छ भने, तपाईंले आफ्नो जीवनमा लिन सक्ने सबैभन्दा महान् निर्णय इस्लाम स्वीकार गर्नु हो।

तपाईंले साँचो र आस्थावान हृदयले केवल यी शब्दहरू भन्नु पर्छ: "अश्-ह्दु अल्ला इला ह इल्लल्लाह, व अश्-ह्दु अन्न मुहम्मदर्रसूलुल्लाह" (म गवाही दिन्छु, अल्लाह बाहेक कोही सत्य पूज्य छैन र म गवाही दिन्छु, मुहम्मद अल्लाहका रसूल हुनुहुन्छ)।

त्यसपछि आफ्नो धर्म सिक्नुहोस् र शहादतको आशा अभिलाषा र आवश्यकता अनुसार अल्लाह र उहाँका रसूलमाथि विश्वास गर्दै इस्लामका अन्य स्तम्भहरूको पालना गर्नुहोस्।

अहिले नै घोषणा गर्नुहोस् अनि नहिचकिचाउनुहोस्; मृत्यु अचानक आउन सक्छ, त्यसैले यो महत्त्वपूर्ण निर्णयलाई स्थगित नगर्नुहोस्। तपाईंलाई राम्रो गर्नबाट रोक्ने मौका शैतानलाई नदिनुहोस्। साहसी बन्नुहोस् र प्रकाश तथा मार्गदर्शनको मार्गमा अघि बढ्नुहोस्। अहिले नै आफ्नो निर्णय लिनुहोस्, सुख, शान्ति र समृद्धिले भरिपूर्ण नयाँ जीवनको सुरुवात गर्नुहोस्।

"अश्-ह्दु अल्ला इला ह इल्लल्लाह, व अश्-ह्दु अन्न मुहम्मदर्रसूलुल्लाह ।"

अर्थ: म गवाही दिन्छु, अल्लाह बाहेक कोही सत्य पूजनीय छैन र म गवाही दिन्छु, मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका सन्देष्टा हुनुहुन्छ।

***

# विषय सूची

के तपाईंले आफैँलाई प्रश्न गर्नुभएको छ? ........................................ 2

निष्कर्ष, हामी तिमीलाई भन्छौं, हे मानव: .....................................19

❊❊❊

جمعية خدمة المحتوى
الإسلامي باللغات

यो किताबले मानिसको अस्तित्व र सृष्टिको प्रश्नलाई सम्बोधन गर्दछ। एक पूर्ण बुद्धिमान र परिपूर्ण सृष्टिकर्ताको अस्तित्वलाई तर्कका साथ प्रमाणित गर्दछ। हाम्रो जन्मको उद्देश्य केवल एक अल्लाहको उपासना गर्नु हो भन्ने कुरालाई व्याख्या गर्दछ। इस्लाम नै शतप्रतिशत सुरक्षित सत्य धर्म हो भन्ने कुरालाई स्पष्ट पार्दछ, अल्लाहका सन्देशवाहक मुहम्मदमाथि ईमान राख्न र उहाँका शिक्षाहरूको अनुशरण गर्न आह्वान गर्दछ। शिर्कबाट सावधान गर्दछ, आखिरतमा हुने हिसाब र प्रतिफललाई पुष्टि गर्दछ ।

9 786035 171311

بيان الإسلام
Islam Made Clear